नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८१/०८२

चलानी नं.: ४२२

मितिः २०८२/३/६

विषयः- ११ औं विश्व योग दिवस, २०२५ मनाउने सम्वन्धमा ।

श्री गाउँ / नगरपालिका (सवै)।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको प.सं. २०८१/०८२, च.नं. २१, मिति २०८२/०३/०२ को ११ औं योग दिवस मनाउने सम्बन्धी पत्रको छायाँकपि यसैसाथ संलग्न गरी आवश्यक जानकारी एवं कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

३/६

(दीपेश कट्टेल)

शाखा अधिकृत

<u>बोधार्थः-</u>

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार ।

श्री सूचना प्रविधि शाखाः सबै गाउँ/नगरपालिकाको ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा अपलोड गरिदिनु हुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेबसाईट:- www.mofaga.gov.np

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्याः- ०८१।८२
चलानी नं.:- २१

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ४२५८
दर्ता मितिः- ३।३

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

मिति : २०८२।०३।०२

**विषय : ११ औं विश्व योग दिवस २०२५ मनाउने सम्बन्धमा।**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार काठमाडौ।

प्रस्तुत विषयमा हरेक वर्ष जुन २१ लाई विश्व योग दिवसको रुपमा मनाइँदै आइएको वेहोरा विदितै छ। ११ औं विश्व योग दिवस २०२५ (२०८२ असार ७ गते) लाई सार्थक र योगको मर्मअनुरुप मनाउने सन्दर्भमा माननीय मन्त्रीज्यूको अध्यक्षतामा बसेको विश्व योग दिवस २०२५, मूल समारोह समितिको मिति २०८२।०२।२९ को बैठकबाट **"सिंगो पृथ्वी र मानव स्वास्थ्यका लागि योग"** भन्ने आदर्श वाक्यका साथ विश्व योग दिवस मनाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहहरुमा पत्राचार गरी स्थानीय तहमा विश्व योग दिवस मनाउने निर्णय भए वमोजिम निर्णयको प्रति यसैसाथ संलग्न गरी ७५३ ओटै स्थानीय तहहरुमा पत्राचार एवम् समन्वयका लागि निर्णयानुसार अनुरोध छ।

शिवकुमार सापकोटा
सहसचिव

सादर अवगतार्थ:
माननीय मन्त्रीज्यू, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार काठमाडौ
श्रीमान् सचिवज्यू, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार काठमाडौ

स्थानीय त. सि. शा.

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

एघारौँ विश्व योग दिवस २०२५ जुन २१ (२०८२ असार ७)

**मूल समारोह समितिको बैठकको निर्णय**

मितिः २०८२ जेठ २९ गते विहिवार

बैठकका एजेण्डा

१) विश्व योग दिवस मनाउने सन्दर्भमा आदर्श वाक्य नेपाली रुपान्तरण गर्ने सम्वन्धमा

२) विश्व योग दिवस मनाउन विभिन्न निकाय एवम संस्थासँग समन्वय सम्वन्धमा

३) सप्ताहव्यापी रूपमा विभिन्न सघसंस्थाले मनाउने कार्यक्रमको सहजीकरण सम्वन्धमा

४) अन्य विविध

प्रस्तावित निर्णयहरु :

1. विश्व योग दिवस, २०२५ मनाउने सन्दर्भमा संयुक्त राष्ट्र संघको वेबसाइटमा प्राप्त आदर्श वाक्य "Yoga for One Earth, One Health" का विषयमा छलफल गरियो । एघारौँ विश्व योग दिवसको नेपाली आदर्श वाक्य- **"सिंगो पृथ्वी र मानव स्वास्थ्यका लागि योग"** कायम गर्ने ।
2. प्रदेश तहमा विश्व योग दिवस, २०२५ मनाउने सम्बन्धमा प्रदेशमा शिक्षा हेर्ने मन्त्रालयका मन्त्रीज्यूको संयोजकत्वमा शिक्षा।, स्वास्थ्य, पर्यटन सम्बद्ध मन्त्रालयका प्रतिनिधि समेतको सहभागितामा प्रदेशस्तरीय समारोह समिति गठन गरी योग दिवस मनाउन सबै प्रदेश सरकारहरूलाई पत्राचार गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा अनुरोध गर्ने ।
3. स्थानीय तहमा विश्व योग दिवस, २०२५ मनाउने सम्बन्धमा सबै स्थानीय तहहरूलाई पत्राचार गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने ।
4. विश्व योग दिवस जिल्ला स्तरमा मनाउने सन्दर्भमा नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७३।०२।२६ को निर्णय अनुसार नै प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा अन्य सदस्यहरू प्रमुख जिल्ला अधिकारीले नै तोक्नेगरी जिल्लास्तरीय समारोह समिति गठन गर्ने व्यवस्था भएकोले जिल्ला तहमा सोही बमोजिम हुनेगरी योग दिवस मनाउन सबै जिल्ला प्रशासन कार्यालयहरुमा लेखी पठाउन गृह मन्त्रालयमा अनुरोध गर्ने । यसको आवश्यक कार्यार्थ सोको जानकारी शिक्षा तथा मानवस्रोत विकास केन्द्र र सबै शिक्षा विकास तथा समन्वय इकाइहरूलाई लेखी पठाउने ।
5. विसं २०८२ असार ७ (सन् २०२५ जुन २१) गते आयोजना गरिने मूल समारोहको कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी वनाउन एवम् यससम्वन्धी काममा अन्य निकाय र संस्थाहरूसँग समन्वय र निर्देशनका लागि सचिवज्यूको अध्यक्षतामा देहायका सदस्यसहितको एक मूल समारोह **उपसमिति**को गठन गर्ने ।

| | |
|---|---|
| १) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | अध्यक्ष |
| २) प्रा. डा. नारायण गौतम, डाइरेक्टर, आयुर्वेद विभाग त्रि. वि. | सदस्य |
| ३) डा. हरिप्रसाद, अध्यक्ष, योग मिसन नेपाल | सदस्य |
| ४) सहसचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| ५) महानिर्देशक, आयुर्वेद विभाग | सदस्य |



कुमार सापकोटा
सचिव

चूडामणि पौडेल
सचिव

श्री रघुजी पन्त
माननीय मन्त्री